

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, वैशाख ४ गते २०५३ साल (अतिरिक्ताङ्क २

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री श्री ली फङको मैत्रीपूर्ण निमन्त्रणामा २०५३ साल वैशाख ४ गते मित्रराष्ट्र चीनको औपचारिक भ्रमणमा जानु भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी र रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

सूचना २

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी र माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङ सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको मित्रराष्ट्र चीनको औपचारिक भ्रमणका क्रममा भ्रमण दलमा सम्मिलित भई २०५३ साल वैशाख ४ गते त्यसतर्फ जानु भएकोले उहाँहरूको अनुपस्थितिमा उहाँहरूले सम्हाली आउनु भएको मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा देहायबमोजिम माननीय मन्त्रीहरूले सम्हाल्नु हुनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. परराष्ट्र मन्त्रालयको कार्यभार	माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारु
२. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार	माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बालाराम घर्तिमगर ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।